जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १४८ २०८२ साल पुस २६ गते शनिबार (10 Jan 2026 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : प्रहारका बीच पनि रोकिएको.. ३ पृष्ठमा : सुरक्षण मुद्रण केन्द्र : दुई महिनामा३ पृष्ठमा : इन्टरनेट बन्दबीच इरानमा ...

# दैनिक दुई उडान प्रचार मै सीमित



**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

बुद्ध एयर व्यवस्थापनले राजविराज विमानस्थलबाट दैनिक दुई उडान गर्ने प्रचार गरेको १० महिना बितेको छ । तर, अहिले विमानस्थलबाट नियमित रुपमा एक मात्र उडान भइरहेको छ ।

बुद्ध एयर व्यवस्थापनले २०८१ साल चैत्त २९ गतेदेखि दैनिक दुई उडान गर्ने निर्णय सहित ब्यापक प्रचार प्रसार गरेको थियो । यसका लागी २०८१ साल मंसिर २९ गते नै तत्कालिन संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले राजविराज विमानस्थलबाट रात्री कालिन उडानको परिक्षण उडानको शुभारम्भ गरेका थिए ।

परिक्षण उडान पछि २०८१ साल चैत्त २९ गते देखी राजविराजबाट रात्रीकालिन उडान सूरु हुने बुद्ध एयरका व्यवस्थापन पक्षले जानकारी गाएका थिए । बुद्ध एयरले राजविराजबाट काठमाण्डौंका लागी दैनिक दिउसो १ बजे तीर एकमात्र उडान मार्फत सेवा प्रदान गर्दै आएकोमा यात्रुको चाप बढ्दै गएपछी एउटा थप उडानका लागी मन्त्री पाण्डेले रात्रीकालिन परिक्षण उडानको शुभारम्भ गरेका थिए ।

उडान परिक्षण सकिएपछि त्यत्तिवेला बुद्धएयरका ब्यवस्थापन पक्षले २०८१ चैत्र २९ बाट दिनको १२:२५ र साँझको ६ बजे गरी दैनिक २ वटा उडान राजविराजबाट काठमाण्डौंका लागी प्रस्थान गर्ने समय तालिका नै सार्वजनिक गरेको थियो । तर अहिले आएर ट्राफिक, नोट, एक्सचेन्जर र फ्लाईटरहरुको उडान तालिका लगायतका विषयमा काठमाण्डौस्थित फ्लाईट विभागबाट अनुमती प्राप्त गर्न ढिलाई भएकाले रात्रीकालिन उडान सूरु गर्न समस्या भएको बुद्ध एयर व्यवस्थापन पक्षले जनाउन थालेका छन ।

बुद्ध एयरका स्टेशन म्यानेजर अनिल राजबंशीले विविध कारणले रात्रीकालिन उडान सूरु हुन ढिलाई भएको बताए । उनले अहिले चिसो मौसमका कारण एकमात्र उडान पनि प्रभावित भइरहेको भन्दै मौसम सुधार भएपछि रात्रीकालिन उडानका लागी आवश्यक पहल हुने बताएका छन ।

# सशस्त्र प्रहरीद्वारा सीमा सुरक्षा र सद्भाव बढाउन झण्डा मार्च



**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

सशस्त्र प्रहरीले झापाको मेची पुलबाट शुरु गरेको 'पूर्व-पश्चिम झण्डा मार्च" शुक्रवार सप्तरी आईपुगेको छ । आफ्नो २५औं स्थापना दिवसलाई रजत जयन्ती समारोहको रुपमा मनाउन लागेको हो ।

सीमा सुरक्षा, सीमा क्षेत्रको नागरिकको समस्या नजिकबाट बुझ्ने प्रयास तथा आपसी सद्भाव अझ प्रगाढ बनाउने उद्देश्यकासाथ २५ औ स्थापना दिवसलाई सिमानाका क्षेत्र हुँदै पुर्व-पश्चिम झण्डा मार्च कार्यक्रम गर्न थालिएको सशस्त्र प्रहरी बलले जनाएको छ ।

झापाबाट पैदलै पुगेको झण्डा मार्च टोलीमा सशस्त्र प्रहरी निरिक्षकको नेतृत्वमा ३५ जना सहभागि छन् । सप्तरीको सिमानामा पुगेपछि टोलीलाई सशस्त्र प्रहरी बल, नेपाल नम्बर ६ गण हेडक्वाटर सप्तरीका प्रहरी उपरिक्षक रोशन बुढाथोकी सहितको टोलीले स्वागत गरेका थिए ।

दशगजा क्षेत्र नजिकै तथा सुनसरी सप्तरीको बीच सिमामा पर्ने हनुमाननगर कंकालिनी नगरपालिकाको कोशी ब्यारेज क्षेत्रमा आयोजित एक कार्यक्रमबीच सुनसरीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे तथा सशस्त्र प्रहरी कोशी प्रदेशका डिआईजी कुमार न्यौपानेले सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल तथा मधेश प्रदेश सशस्त्र प्रहरीका डिआईजी कृष्ण ढकाललाई झण्डा हस्तान्तरण गरेका थिए ।

उक्त झण्डा लिएर शुक्रवार नै सशस्त्र प्रहरीनिरिक्षकको नेतृत्वमा ३५ सदस्यीय टोली झण्डा मार्चमा प्रस्थान गरेका छन् । उक्त टोली सिरहा जिल्ला पुगेपछि अर्को टोलीलाई झण्डा हस्तान्तरण गर्ने र फेरि त्यहाँबाट झण्डा मार्च अघि बढ्ने सशस्त्र प्रहरी उपरिक्षक रोशन बुढाथोकीले जानकारी दिए ।

सशस्त्र प्रहरीको २५औं स्थापना दिवस अगामी माघ ९ गते परेको छ । यसलाई रजत जयन्ती समारोहको रुपमा मनाउने क्रममा मेची र महाकालीबाट एकैसाथ झण्डा मार्च सुरु भएको हो । दुबै तर्फको टोली माघ ७ गते पर्साको ठोरीमा पुग्नेछन् । त्यसपछि विशेष समारोहको आयोजना गरिने कार्यक्रम रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

# खानतलासीका क्रममा एक थान कटुवा पेस्तोल बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

सप्तरीको तिरहुत गाउँपालिकामा खानतलासीका क्रममा एक थान कटुवा पेस्तोल बरामद गरिएको छ ।

गाउँपालिकाको वडा नं. ३ पिपराहीमा घर खानतलासीका क्रममा शुक्रबार कटुवा पेस्तोल बरामद गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार स्थानिय २६ वर्षीय मो. कुरमान मियाँले आफ्नै भाउजु ३० वर्षीया सहिदा खातुनसँग पटक-पटक झै-झगडा गर्दै ज्यान मार्ने धम्की दिँदै आएको उजुरी परेपछि प्रहरी घटनास्थल पुगेको थियो ।

घटनास्थलमा पुगेका प्रहरीले विशेष सुचनाको आधारमा मो. कुरमान मियाँको खानतलासी गर्दा सोही क्रममा उनी सुत्ने कोठाको काठको दराजभित्र लुकाइ राखिएको अवस्थामा एक थान कटुवा पेस्तोल फेला परेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

कटुवा पेस्तोल राख्ने मियाँ भने फरार रहेको र खोजतलास तथा थप अनुसन्धान कार्य भइरहेको उनले बताए ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु, अर्का गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

सप्तरीको खडक नगरपालिकामा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् ।

सो पालिका वडा नं. ४ स्थित कर्मनिया बजारमा बिहीबार राति ८ बजे भएको दुर्घटनामा मोटरसाइकल चालक सुरुङ्गा नगरपालिका वडा नं. ८ मल्हनवा घर भएका २४ वर्षीय सुरेश चौधरीको मृत्यु भएको हो ।

पूर्व-पश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको स.१० प. ५५१७ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई सडक डाइभर्सनका लागि दायाँतर्फ राखिएको सिमेन्टको ब्लकमा ठोक्किँदा चौधरी गम्भीर घाइते भएका थिए ।

गम्भीर घाईते उनलाई उपचारका लागि सप्तऋषि अस्पताल, लहान पठाइएकोमा पनि चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

सोही मोटरसाइकलको पछाडि सवार सोही ठाउँका २५ वर्षीय सरोज चौधरीको टाउको तथा शरीरका विभिन्न भागमा चोट लागेको छ । उनको पनि सोही अस्पतालमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक पुरीले बताए ।

दुर्घटनामा संलग्न मोटरसाइकल नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- ❖आगो तथा हीटर नजिकबाट नतापौं।
- ❖कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- ❖कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- ❖आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- ❖बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- ❖बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- ❖घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- ❖आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रहारका बीच पनि रोकिएको छैन न्याय सम्पादन

**कालिका खड्का**

काठमाडौं, २५ पुस (रासस)।

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते राज्यका महत्वपूर्ण संरचनासँगै आगजनीमा परेको न्यायको सर्वोच्च निकाय सर्वोच्च अदालतका इजलासहरू अहिले पनि पालका भरमा सञ्चालित छन्। त्यस दिन रामशाहपथस्थितको ऐतिहासिक सर्वोच्च अदालत भवन मात्रै जलेन करिब २४ हजार मुद्दामध्ये २० हजार मुद्दाको मिसिल जलेर खरानी भए। कागजात जल्दा न्याय दिने न्यायमूर्ति र न्यायको आशमा रहेका सबैलाई आहत बनायो।

न्यायालयले आजगनीबाट खरानी भएको संरचनाबाट क्रमशः उठेर आफ्नो काम अघि बढाउने प्रयास जारी राखेको छ। अहिले तिनै जलेर नष्ट भएको कालो भवनको परिसरमा पालमुनिबाट न्याय सम्पादनका काम भइरहेका छन्। संरचना नष्ट भएको प्रताडना त छँदैछ, मुलुकको विषम स्थितिमा पनि अन्तिम आशाको केन्द्र मानिने न्यायालय अहिले धम्की, डर र त्रास खेपिरहेको छ। प्रधानन्यायाधीशलगायत न्यायाधीशहरू सार्वजनिक रुपमै यस्ता धम्कीहरूबारे पीडा व्यक्त गर्न विवश हुनुभएको छ।

सामाजिक सञ्जाल फेसबुक, टिकटक, युट्युबलगायतमा अहिले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरूमाथि आक्षेप लगाउने, मानमर्दन गरिएका तस्बीर समावेश गरी आरोप लगाउँदै खुलेआम गालीगलौज गरिएको देख्न देखिन्छ। जेनजी आन्दोलनको जगमा बनेको वर्तमान सरकारको सिफारिसमा विघटित प्रतिनिधिसभा पुनःस्थापनाको मागलगायतका रिटहरू पनि सर्वोच्च अदालतमा विचाराधीन छन्। यस विषयमा सामाजिक सञ्जालमा अनेक टीकाटिप्पणी भइरहेका छन्। तर अदालतमा सुनुवाइ हुन बाँकी छ। यस्तो संवैधानिक विवादका गम्भीर मुद्दाको सुनुवाइ नै हुन नपाई न्यायाधीशलाई त्रासमा राखेर न्याय सम्पादनमा असर पुऱ्याउन खोज्नु लोकतन्त्र र देशलाई कमजोर बनाउन खोज्नु हो।

**'तिमी आदेश/फैसला गर त, हामी देखाइ दिन्छौं भन्ने धम्की आउँछ'**

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले सामाजिक सञ्जालको दुरुपयोग गरी न्यायाधीशलाई मुद्दाको विषयमा असर पर्ने गरी डर, त्रास र धम्की दिने गरेको पछिल्ला दिनमा आयोजना गरिएका सम्पादक तथा पत्रकार भेटघाटमा सुनाउनुभएको छ। "तिमी आदेश गर त, तिमी फैसला गर त, हामी देखाइदिन्छौं," प्रधानन्यायाधीश राउतले भन्नुभयो, "हामी खोजी-खोजी माछौं भन्ने धम्की आउँछ।"

न्यायालय भनेको न्यायाधीशका लागि मात्र नभई समग्र न्यायका उपभोक्ता नागरिकका समेत असर पार्ने विषय हो। "सबैभन्दा डरलाग्दो के छ भने घृणा र द्वेष फैलाउने, दुष्प्रचार गर्ने, एआई जेनेरेटेड सामग्री अदालतको अगाडिको साइनबोर्ड देखाएर यो भ्रष्टाचारको अखडा हो भनिएको छ," प्रधानन्यायाधीश राउतले भन्नुभयो, "यसरी दुष्प्रचार गरिएको छ, मिडिया ट्रायल गर्ने काम भइरहेको छ, यति हुँदा पनि हामी विचलित भएका छैनौं, संयमता अपनाएका छौं।"

उहाँले न्यायालय र न्यायमूर्तिविरुद्ध सामाजिक सञ्जालमार्फत भइरहेको अस्वस्थ प्रहारले न्याय सम्पादनमा समेत असर परिरहेको सुनाउनुभयो। प्रधानन्यायाधीश राउतले थप्नुभयो, "अदालतविरुद्ध घृणा फैलाउने हो भने अराजक अभिव्यक्तिहरूलाई प्रश्रय दिने हो भने फेरि न्याय सम्पादनका काम कष्टकर हुन्छ, यसको असर सेवाग्राहीमा मात्रै होइन, समग्र नागरिकको हकमै पर्छ।"

अदालतमाथि शृङ्खलाबद्ध प्रहारले अदालतलाई कमजोर बनाउने काम भएको छ उल्लेख गर्दै उहाँले थप्नुभयो, "न्यायाधीश डरायो भने राज्यको चौथो अङ्ग पनि सुरक्षित हुँदैन, प्रेस स्वतन्त्रता र सम्मानमा कहालिलाग्दो दिन आउन सक्छ, न्यायालय बलियो हुँदा नागरिकलाई ढुक्क हुने अवस्था हुन्छ।" उहाँका यी भनाइहरू वास्तविकताको धरातलसँग मेल खान्छन्।

न्यायालयमा सुधार गर्नुपर्ने विषयहरू लामो समयदेखि उठ्दै नआएका भने होइनन्। सुधार आफैंमा निरन्तर प्रक्रिया हो। तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको कार्यदलको प्रतिवेदनले पनि न्यायालयमा सुधार गर्नुपर्ने विषयहरू प्रस्ट रूपमा देखाएको छ। "हामी सच्चिनुपर्ने ठाउँमा सच्चिन पनि तयार छौं," प्रधानन्यायाधीश राउतले जोड्नुभयो, "हामी हाम्रै कमीकमजारीका कारणले त समस्यामा परेका छैनौं, निर्मम समीक्षा गरिरहेका छौं।"

नियतवश अदालत र न्यायाधीशको हुर्मत लिने छुट पनि कसैलाई नभएको उहाँको भनाइ छ। लोकतान्त्रिक अभ्यास भएको मुलुकमा न्यायालयका नेतृत्वकर्ताका यी प्रतिबद्धता व्यवहार कार्यान्वयन नभए त्यसमा तर्कपूर्ण र न्यायिक रूपमा प्रश्न र सुझाव दिने प्रशस्तै अवसर पनि रहेकै हुन्छन्। लोकतन्त्र, खुल्ला समाज र बहुलवादमा संविधानप्रदत्त अधिकारको भरपुर उपयोग हुँदै आएकै छ। अतिरञ्जना नगरी स्वस्थकर आलोचना न्यायालयले स्वीकार्दै पनि आएको छ।

आन्दोलनका क्रममा सर्वोच्च अदालतसहित २३ वटा अदालतमा क्षति भए पनि न्याय सम्पादनका काममा नियमितता दिनु न्यायालयको दायित्व हो। अदालतहरूमा तोडफोड, आगजनी तथा लुटपाटका घटनाको थप तथ्यहरू पनि समयक्रममा बाहिर आउने नै छन्। प्रभावित भएकामध्ये १० वटा अदालत पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए। नौवटा अदालतमा आंशिक र चार अदालतमा सामान्य क्षति पुगेको थियो। देशभर करिब ३९ हजार ७४५ थान चालु मिसिल र नौ लाख नौ हजार ५३४ थान अभिलेख मिसिल नष्ट भए पनि आफ्नो जिम्मेवारीबाट न्यायालय पछि हटेको देखिँदैन।

सर्वोच्च अदालतका प्रवक्ता निराजन पाण्डेका अनुसार यही पुस २१ गतेसम्म सेवाग्राही संस्था, महान्यायाधिवक्ताको कार्यालयबाट गरी हालसम्म जेलका मुद्दाहरूमध्ये १० हजार ३४० मुद्दाको मिसिल तयार भएको छ। सर्वोच्च अदालतले जलेका मिसिलहरू महान्यायाधिवक्ता कार्यालय, नेपाल बार एसोसिएसन र सम्बन्धित मुद्दाका पक्षहरूसँग मिसिल उपलब्ध गराउन पटक पटक आग्रह गरिसकेको छ।

**'अस्त्रविहीन थलोमाथि अस्त्रकै प्रहार'**

नागरिकलाई कुनै कुराबाट अन्याय परेको अवस्थामा न्यायका लागि आउने निकाय न्यायपालिका हो। कानुन, तथ्य र प्रमाणका आधार हेरेर न्याय/अन्याय छुट्याउने निकाय यही हो। "न्यायपालिका अस्त्रविहीन निकाय हो, हामीमाथि अस्त्रको रूपमा कुनै माध्यमको प्रयोग भइरहेको छ।" सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले आफ्नो भोगाइ सुनाउँदै भन्नहुन्छ, "न्यायालयमा पनि सुधार गर्नुपर्ने विषय होलान्, सुधार गर्दै पनि जानुपर्छ, तर अतिरञ्जना फैलाउने र धम्की दिने काम गलत होइन।"

देश अस्थिर, जटिल र तरलतातर्फ गइरहेको अवस्थामा स्थिरता दिनुपर्ने जरुरी न्यायालयको काधमा जिम्मेवारी पनि भएको उल्लेख गर्दै उहाँले थप्नुभयो, "देशलाई अस्थिर, जटिल न्यायालयको जनआस्था र विश्वासिलो बनाउन जरुरी भएको छ।"

**न्यायालयप्रतिको मिथ्या सूचना, धम्की र चरित्र हत्या रोक्न बारको भूमिका**

नेपाल बार एसोसिएसनको यही पुस १६ गते बसेको पूर्व पदाधिकारीसहितको केन्द्रीय कार्यसमिति बैठकले जारी गरेको १४ बुँदे सुझावमा प्रविधिको दुरुपयोग गरी भ्रामक र मिथ्या सूचनाहरू एवम् घृणाभावले भरिएका अभिव्यक्तिहरू, धम्की, चरित्र हत्या र दुष्प्रचार प्रकाशन तथा प्रशारण रोक्न आग्रह गरिएको छ।

बारका महासचिव केदारप्रसाद कोइरालाका अनुसार केही समयदेखि अदालत, न्यायाधीश र कानुन व्यवसायीहरूप्रति लक्षित सामाजिक सञ्जालका पेजहरू र विभिन्न प्रकारका सञ्चारमाध्यममार्फत सूचना प्रविधिको दुरुपयोग गरी भ्रामक, मिथ्या सूचनाहरू एवम् घृणाले भरिएका अभिव्यक्तिहरू, धम्की, चरित्र हत्या र दुष्प्रचार प्रकाशन तथा प्रशारणको कार्य भईरहेकोप्रति बारले गम्भीरतापूर्वक लिएर आपत्ति जनाएको छ। बारले अदालतप्रति तथ्यहिन अनावश्यक टिप्पणी र अतिरञ्जन पूर्ण अभिव्यक्तिहरू एवम् प्रमाणविहीन आरोपलाई स्वयम् सूचना लिई शिघ्र कानुनको शासनको प्रत्याभूति दिलाउन सम्बन्धित सम्पूर्ण निकाय समक्ष समेत गरेको छ।

**न्यायाधीशमाथि डर, त्रास र धम्कीबारे साइबर ब्यूरोको अध्ययन**

नेपाल प्रहरीको साइबर ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दीपकराज अवस्थीले सामाजिक सञ्जालबाट न्यायालयमा न्याय सम्पादन गर्ने न्यायाधीशहरूमाथि गरेको अनर्गल प्रचार, डर, धम्की दिने व्यक्तिहरूका बारेमा अध्ययन गरिरहेको बताउनुभयो। "प्रधानन्यायाधीश स्वयंले आफूहरूलाई धम्की, डर र त्रास देखाएर काममा गर्न कठिन भएको विषय राख्नुभएको छ, त्यो अत्यन्तै गम्भीर विषय हो, हामीले गम्भीरतापूर्वक लिएका छौं," प्रवक्ता अवस्थीले भन्नुभयो, "सर्वोच्च अदालतबाट कहाँ-कहाँबाट यस्ता विषयहरू आएका छन् भनेर पत्र नै आएको छ, त्यसका आधारमा अध्ययन गरिरहेका छौं।"

सामाजिक सञ्जालमार्फत हुने यस्ता क्रियाकलापलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गत कारबाही गरिन्छ। ऐनको दफा ४७ मा 'विद्युतीय स्वरूपमा गैरकानुनी कुरा प्रकाशन गर्ने' भन्ने व्यवस्था छ। इन्टरनेटका माध्यमबाट सार्वजनिक नैतिकता, शिष्टताविरुद्ध कसैप्रति घृणा वा द्वेष फैलाउनेलाई कानुनी कारबाही गरिन्छ। त्यस्ता व्यक्तिलाई रु एक लाखसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ।

**न्यायाधीश समाजको ऐक्यबद्धता**

न्यायाधीश समाज नेपालले न्यायपालिकाप्रतिको तथ्यहीन, हल्का र प्रतिशोधपूर्ण आलोचनामा नगर्न आह्वान गरेको छ। समाजले न्यायका सरोकारवाला निकायसँग संवाद गरी न्याय प्रणालीको प्रभावकारिता थप वृद्धिका लागि उपायहरूको खोज गर्न न्यायपालिकीय व्यवस्थापनसँग आह्वान गरेको छ। "न्यायपालिका र न्यायकर्मीप्रति आलोचना नै गर्न नपाइने भन्ने होइन तर त्यस्तो आलोचना पनि न्यायिक स्वतन्त्रताको प्रवर्द्धनकै लागि हुनुपर्ने हुन्छ।" न्यायाधीश समाजको महासचिव एवं उच्च अदालत, जनकपुरका कामु मुख्य न्यायाधीश टेकनारायण कुँवरले भन्नुभयो, "यदि आलोचना गर्ने हो भने न्यायाधीशले अपनाएको प्रक्रिया र निर्णयमा दिइएको कारणमा आधारित हुनुपर्छ, आलोचना स्वस्थ र तथ्ययुक्त पनि हुनुपर्छ।"

समाजको पूर्वाग्रह र प्रतिशोधको भावनाबाट प्रेरित आलोचनाले स्वच्छ र निष्पक्ष ढङ्गबाट न्याय सम्पादनमा मद्दत पुग्ने नभई न्यायकर्मीहरूमा अनुचित प्रभाव र दबाब बढ्न जाने भई न्याय सम्पादनको कार्यमा थप विलम्ब र अनिश्चितता बढ्न जाने कुरालाई बिर्सन नहुने स्पष्ट धारणा राखेको छ।

सामाजिक सञ्जालमा आएका धम्की र आरोपहरूप्रति कतिपय न्यायाधीशले सामाजिक सञ्जालबाटै आफ्नो धारणा पनि सार्वजनिक गर्नुभएको छ। सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठले आफूप्रति गलत प्रचार गरिएपछि सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ, "मेरो सम्बन्धमा फेसबुकमा आएका विषयलाई सूचना मानी सम्बन्धित निकायबाट छानबिन होस्, म पूरा सहयोग गर्न तयार छु, कृपया छानबिनको नतिजा पनि आइदेओस्, गल्ती भएको देखिए जुनसुकै सजाय भोग्न पनि तयार छु।"

सामाजिक सञ्जालमा सङ्गठित रूपमा अदालतको मानमर्दनमा गर्न खोज्नु भनेको न्यायाधीशलाई असुरक्षित महसुस गराउने प्रयास गरी कानुन र विधिको शासनमाथि चुनौती खडा गर्नु हो। न्यायाधीशको प्रहार गर्ने कुत्सित प्रयासलाई कानुनी उपचारका साथै न्यायमूर्तिहरूले सही न्याय सम्पादनबाट पनि चिर्नुपर्छ। जनता र राज्यको अन्तिम आशाको धरोहर न्यायालयमा भएका कमीकमजोरीलाई सच्याउनुपर्छ तर तथ्यहीन दुष्प्रचार हुनु हुँदैन।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि सुधार तथा मालपोत कार्यालय राजविराज

मिति :-२०८२/०९/२४

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ६७ जदु लाल चौधरीको नाममा कायम रहेका साबिक प्रगन्ना पकरी मौजे बिपहरिया सा.कि.नं. ४८३ को ज.वि. ०-१५-८. सा.कि.नं. १८० को ज.वि. ०-९-७ जग्गा गौरी शंकर चौधरी बैश्यको नाममा ७ नं. फाटबारीमा जि.सं. पं. बिपहरिया सा.कि.नं. ४८३ को ज.वि. ०-१५-८. सा.कि.नं. १८० को ज.वि. ०-९-७ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. विपहरिया वार्ड न.४ हाल राजविराज न.पा. वडा नं. १३ बस्ने गौरी शंकर चौधरीको छोरा/नाती/बुहारी जय मंगल चौधरी-१. एकनाथ चौधरीको छोरा पृथ्वी राज चौधरी-१. लक्ष्मी राज चौधरी-१. इन्द्र नारायण चौधरीको पत्नी शशी प्रभा चौधरी-१. समेत-४ को यस कार्यालयमा द.नं. ८२५५ मिति २०८२/०८/२६ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०९/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी . प्रति. गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दाबी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारबाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४८३ | जदु लाल चौधरी | बिपहरिया | ४क ८क | ४१८ १४२/ २८८ | ०-१५-७ ०-७-८ | जय मंगल चौधरी, पृथ्वी राज चौधरी, लक्ष्मी राज चौधरी शशी प्रभा चौधरी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा गौरी शंकर चौधरीको नम्बरी हो जनिएको। |

# सुरक्षण मुद्रण केन्द्र : दुई महिनामा नौ हजार लाइसेन्स छपाइ

काभ्रेपलाञ्चोक, २५ पुस (रासस)।

पनौती नगरपालिका-५ स्थित सुरक्षण मुद्रण केन्द्रमा दुई महिनामा करिब नौ हजार क्युआर कोडसहितको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छापिएको छ। गत कात्तिक २१ गतेदेखि केन्द्रमा लाइसेन्स छपाइ सुरु गरेयता आठ हजार ९८३ लाइसेन्स छपाई भएको यातायात व्यवस्था विभागले जनाएको छ।

विभागको 'मास प्रिन्टर' जेनजी आन्दोलनका क्रममा तोडफोडपछि रोकिएको लाइसेन्स छपाइ उक्त केन्द्रबाट सुरु गरिएको हो। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले गत कात्तिक २१ गते केन्द्रमा रहेको प्रिन्टिङ प्रेसको बटन थिचेर लाइसेन्स छपाइको शुभारम्भ गर्नुभएको थियो। लाइसेन्स छपाइका लागि केन्द्र र विभागबीच गत कात्तिक १२ गते सम्झौता भएको थियो। जसअनुसार केन्द्रले छ महिनाभित्र १२ लाख थान लाइसेन्स विभागलाई उपलब्ध गराउनुपर्ने जनाइएको छ।

दुई महिना अवधिमा आठ हजार ९८३ लाइसेन्स छपाइ भएको विभागका आइटी निर्देशक केशव खतिवडाले जानकारी दिनुभयो। उहाँका अनुसार विभागले केन्द्रलाई १२ लाख प्रति लाइसेन्स छाप्न जिम्मा दिइसकेको छ। हाल नयाँ ट्रायल पास भएका र नवीकरणका लागि आवेदन दिएका गरी ३० लाखको हाराहारीमा लाइसेन्स प्रिन्ट हुन बाँकी रहेको उहाँको भनाइ छ। "अत्यावश्यक लाइसेन्समात्र छपाइ भएको हो, छापिएका करिब नौ हजारमध्ये सात हजार लाइसेन्स वितरण भइसकेको छ", खतिवडाले भन्नुभयो।

विभागले साधारण लाइसेन्स छाप्ने तयारी गरिरहेको जनाएको छ। एकैपटक १ लाख 'डाटा' पठाउन लागिएको खतिवडाले जानकारी दिनुभयो। केन्द्रले विभागसँगको सम्झौताबमोजिम बाँकी रहेका ११ लाख ९१ हजार स्मार्ट कार्ड आगामी दुई महिनाभित्र छापिसक्ने लक्ष्य राखेको जनाएको छ। हालसम्मको काम सुस्त देखिए पनि अबको माघ महिनादेखि गति बढाइने केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाले बताउनुभयो। उहाँले भन्नुभयो, "सुरुआती चरण परीक्षणकाल भएकाले थोरै मात्र छपाइ भएको हो, अब एक हप्तादेखि नयाँ जनशक्तिसँगै कामको गति बढाइनेछ।" उहाँका अनुसार माघदेखि दैनिक १० हजारका दरले स्मार्ट लाइसेन्स छाप्ने आन्तरिक तयारी भइरहेको छ।

सुरुआती दुई हप्तामा केन्द्रमा पहिलोपटक छापिएका ५२० थान लाइसेन्स विभागलाई हस्तान्तरण गरिएको थियो। ढुङ्गानाका अनुसार नेपालकै ल्याबमा गरिएको परीक्षण सफल भएपछि विभागलाई लाइसेन्स बुझाइएको हो। विभागसँगको सम्झौताअनुसार सुरुको तीन महिना एक लाखका दरले तीन लाख र बाँकी तीन महिनामा नौ लाख गरी १२ लाख लाइसेन्स छपाइ गरिने जनाइएको छ।

केन्द्रबाट छपाइ भएका कार्डमा चिप्सको सट्टा क्युआर कोड प्रयोग गरिएको छ। केन्द्रका अनुसार यसमा उच्चस्तरको सुरक्षा प्रणाली रहेका छन्। नयाँ कार्डमा छ तहसम्म सुरक्षा प्रविधि प्रयोग हुनेछ। कार्डमा ३४ प्रकारका सुरक्षा विशेषता रहनेछन् भने त्यसभित्र केही दृश्य र केही अदृश्य रहने बताइएको छ। केन्द्रले लाइसेन्सबाहेक हुलाक टिकट, नागरिकता, अन्तःशुल्क स्टिकर, लालपुर्जा र भिसा स्टिकर छपाइ गर्ने तयारी गरिरहेको छ।

केन्द्रमा यसअघि इराकबाट ल्याइएका दुई उच्च सुरक्षित डिजिटल मेसिनबाट अन्तःशुल्क स्टिकरको नमूना छपाइ गरिएको थियो। हाल जडित दुई मेसिनबाट वार्षिक ६० करोड अन्तःशुल्क 'स्टिकर' छाप्न सकिने छ। प्रेस पूर्ण रूपमा सञ्चालनमा आएपछि सुरक्षित मुद्रणबापत नेपालबाट वार्षिक रूपमा बाहिरिने रु १० अर्ब जोगिन अपेक्षा गरिएको छ। केन्द्रका लागि २०० प्राविधिकसहित करिब एक हजार जनशक्तिको आवश्यकता पर्नेछ।

सरकारले सुरक्षण मुद्रणलाई तीन चरणमा विकास गर्न विसं २०८० मा कार्यमूलक एवं नतिजामूलक गुरुयोजना तयार पारेको थियो। सोहीअनुरूप पहिलो चरणमा नेपाललाई पाँच वर्षभित्र आत्मनिर्भर बनाउने, दोस्रो चरणमा आगामी दश वर्षभित्र सुरक्षण मुद्रणसम्बन्धी विश्वसनीय सेवा र गुणस्तरीय सुरक्षण वस्तु सार्क र दक्षिणपूर्वी एसियाका राष्ट्रहरूलाई उपलब्ध गराउनेछ। साथै, तेस्रो चरणमा भने आगामी १५ वर्षभित्र सुरक्षण मुद्रणसम्बन्धी विश्वसनीय सेवा र गुणस्तरयुक्त सुरक्षण वस्तु अन्य बाँकी तेस्रो मुलुकमा उपलब्ध गराउने रणनीति तय गरेको हो।

सूचना-प्रविधि पार्क (आइटी पार्क)का लागि निर्माण गरिएका भौतिक पूर्वाधार प्रयोगविहीन अवस्थामा रहेपछि सोही पार्कलाई पाँच वर्षअघि सुरक्षण मुद्रण केन्द्रमा परिणत गरिएको थियो। कुल २५७ रोपनी जमिनमा अवस्थित पार्कभित्र दुईवटा ठूला व्यापारिक/प्रशासनिक भवन तथा चार सुविधासम्पन्न आवासीय भवन तथा गोदामघरलगायत भवन छन्।

# नेपालमा पहिलो मत्स्य अभयारण्य क्षेत्र घोषणा

**भीष्मराज ओझा**

काठमाडौँ, २५ पुस (रासस)।

नेपालमा जलीय जैविक विविधता संरक्षण तथा दिगो मत्स्य व्यवस्थापनका लागि ऐतिहासिक पहलस्वरूप नेपालको पहिलो मत्स्य अभयारण्य घोषणा गरिएको छ। बर्दियाको राजापुर नगरपालिका र कैलालीको टीकापुर नगरपालिकाले तल्लो कर्णाली नदीमा पहिलो मत्स्य अभयारण्य संयुक्त रूपमा घोषणा गरेका छन्। उक्त मत्स्य अभयारण्य करिब तीन दशमलव नौ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। यसको सिमाना राजापुर नगरपालिका-३ को दक्षिणी टेढिया र वडा नं ४ को छेडिया क्षेत्रदेखि टिकापुर नगरपालिका-८ अन्तर्गतको अर्नहवा फाँटसम्म फैलिएको छ।


घोषणा गरिएका नदी खण्डलाई पारिस्थितिकीय दृष्टिले महत्वपूर्ण क्षेत्रका रूपमा पहिचान गरिएको छ, जहाँ रैथाने मत्स्य प्रजातिको प्रजनन, अण्डा पार्ने तथा नर्सरी आवास रहेका छन्। साथै यी क्षेत्रले राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा महत्त्वपूर्ण जलचर प्राणी जस्तै डल्फिन, घडियाल र खैरो ओतका लागि समेत अत्यावश्यक वासस्थान प्रदान गर्दछन्।

टीकापुर नगरपालिकाका प्रमुख रामलाल डंगौरा थारुले यो संरक्षण क्षेत्र राजापुर र टीकापुर नगरपालिकाको संयुक्त अग्रसरता, पूर्ण समर्थन, अनुमोदन र स्वामित्वमा गरिएको निर्णय भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यसले नदीमा निर्भर समुदायको आवाज र सहभागितालाई मार्गदर्शक मानी संरक्षण कार्यलाई स्थानीय तहबाटै नेतृत्व गर्ने हाम्रो दायित्वलाई उजागर गर्दछ। यो निर्णय राजापुर र टीकापुरका नागरिकले आफ्नो भविष्य सुरक्षित गर्नका लागि आफ्नै पहलमा लिएको ऐतिहासिक कदम हो।"

मत्स्य अभयारण्यको घोषणा स्थानीय सरकारको जलचर प्राणी तथा जैविक विविधता संरक्षण ऐनअनुसार गरिएको हो। राजापुर नगरपालिका र टीकापुर नगरपालिकाका नगर कार्यपालिकाबाट विधिवत् निर्णय पारित भई, स्वतन्त्र, पूर्वजानकारीसहितको मञ्जुरीनामाका सिद्धान्त पालना गर्दै सम्बन्धित वडा कार्यालयमा पूर्वसूचना सार्वजनिक गरेपछि अभयारण्य घोषणा गरिएको हो।

राजापुर नगरपालिकाका प्रमुख दीपेश थारुले यस घोषणामा नगरपालिकाको पूर्ण स्वामित्व ग्रहण गरेर तल्लो कर्णालीको संरक्षण आफूहरूको साझा कर्तव्य हो भन्ने प्रतिबद्धता पुष्टि गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो कदम स्थानीय सरकार, समुदाय र समन्वयात्मक सहकार्यद्वारा अघि बढाइने दीर्घकालीन संरक्षण र जिम्मेवारीपूर्ण नेतृत्वको सुरुआत हो। यहीँबाट सङ्गठित समन्वित र दिगो प्रयासको नयाँ अध्याय प्रारम्भ हुन्छ।"

*बाँकी अन्तिम पृष्ठमा*



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, सप्तरी, राजविराज

मिति :-२०८२/०९/२४

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमावन्दी श्रेस्ता बमोजिम रैती नं. ४७ भागु गोपको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे सकरपुराको सा.कि.नं. १२५१ को ज.बि. ०-२-१५, ऐ.ऐ. सा.कि.नं. १२५२ को ज.बि. ०-१-५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स सकरपुरा वडा नं. ८ हाल तिलाठी कोइलाडी गा.पा. वडा नं. ३ बस्ने मुगालाल यादवको नाति राम प्रसाद यादवको छोरा ठकन यादवको यस कार्यालयमा द.नं. ११३७५ मिति २०८१/१०/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०९/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १२५१ १२५२ | भागु गोप | सकरपुरा | ८ख | ३६ पोखरीको डिल | ०-१२-१६ | ठकन यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महलमा डिल जनिएको, किसानको व्यहोरा महल खाली, कैफियत महल खाली रहेको। |

## विश्व समाचार

### इन्टरनेट बन्दबीच इरानमा उग्र प्रदर्शन

दुबई, २५ पुस (रासस/एपी)।

इरानको सरकारले इन्टरनेट तथा अन्तर्राष्ट्रिय टेलिफोन सेवा पूर्ण रूपमा बन्द गरे पनि शुक्रबार राजधानी तेहरानसहित विभिन्न सहरमा व्यापक विरोध प्रदर्शन भएका छन्। निर्वासित युवराज रेजा पहलवीले प्रदर्शनका लागि आह्वान गर्नुभएपछि प्रदर्शनकारीहरू सडकमा उत्रिएका हुन्। तेहरान र अन्य सहरका सडकहरूमा प्रदर्शनपछि भग्नावशेष छरिएका देखिएका छन्। कार्यकर्ताहरूले बाहिर पठाएका छोटा अनलाइन भिडियोहरूमा प्रदर्शनकारीहरूले आगो बाल्दै इरानको ईश्वरतान्त्रिक शासनविरुद्ध नारा लगाएको देखिन्छ। लामो समय मौन बसेको इरानी राज्य टेलिभिजनले शुक्रबार पहिलो पटक प्रतिक्रिया जनाउँदै प्रदर्शन हिंसात्मक बनेको र 'हताहत' भएको दाबी गरेको छ, तर त्यसबारे विस्तृत विवरण दिएको छैन। राज्य मिडियाले अमेरिका र इजरायलका 'आतङ्कवादी एजेन्ट' ले आगजनी र हिंसा भड्काएको आरोप पनि लगाएको छ। सञ्चार अवरोधका कारण प्रदर्शनको वास्तविक आकार र फैलावट तुरुन्तै पुष्टि गर्न सकिएको छैन। तर कमजोर अर्थतन्त्र, महँगी र बेरोजगारीले थलिएको अवस्थामा सुरु भएको यो आन्दोलन पछिल्ला वर्षहरूमा सरकारका लागि सबैभन्दा गम्भीर चुनौती बनेको विश्लेषकहरूको भनाइ छ।

यो विरोध प्रदर्शनलाई निर्वासित युवराज रेजा पहलवीको आह्वानप्रति जनसमर्थन कति छ भन्ने पहिलो ठूलो परीक्षणका रूपमा पनि हेरिएको छ। उहाँका पिता, पूर्व शाह, सन् १९७९ को इस्लामिक क्रान्तिभन्दा अघि देश छाड्न बाध्य हुनुभएको थियो। पछिल्ला प्रदर्शनमा शाहको समर्थनमा नाराबाजीसमेत सुनिनु, पहिले मृत्युदण्डसम्म हुन सक्ने अवस्थाको तुलना गर्दा जनआक्रोश कति गहिरो छ भन्ने सङ्केत मानिएको छ। अमेरिकास्थित मानव अधिकार निगरानी समूहका अनुसार हालसम्मको झडप र दमनमा कम्तीमा ४२ जनाको मृत्यु भएको छ भने दुई हजार २७० भन्दा बढी व्यक्तिलाई हिरासतमा लिइएको छ। युवराज पहलवीले बिहीबार र शुक्रबार साँझ ८ बजे पुनः सडकमा उत्रिन आह्वान गर्नुभएको थियो। विश्लेषक होली डाग्रेसका अनुसार सामाजिक सञ्जालमा देखिएको प्रतिक्रियाबाट धेरै इरानी नागरिकहरूले इस्लामिक गणतन्त्र हटाउने उद्देश्यसहित प्रदर्शनलाई गम्भीर रूपमा लिएको स्पष्ट हुन्छ। उहाँका अनुसार विश्वले प्रदर्शन नदेखोस् र सुरक्षाबललाई कडा कारवाही गर्न सहज होस् भन्ने उद्देश्यले सरकारले इन्टरनेट बन्द गरेको हो।

इन्टरनेट बन्द हुनुअघि बिहीबार साँझ तेहरानका विभिन्न बस्तीहरूमा 'तानाशाह मुर्दावाद' र 'इस्लामिक गणतन्त्र मुर्दावाद' जस्ता नाराले आकाश गुन्जिएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। केहीले 'यो अन्तिम युद्ध हो, पहलवी फर्कनेछन्' भन्दै शाहको प्रशंसा गरेका थिए। युवराज पहलवीले सञ्चार बन्दलाई जनताको आवाज दबाउने प्रयास भन्दै युरोपेली नेताहरूलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मिलेर इरानी शासनलाई जवाफदेही बनाउन आग्रह गर्नुभएको छ। उहाँले इरानी जनताको आवाज चुप लाग्न नदिन अन्तर्राष्ट्रिय समुदायले सबै प्राविधिक, वित्तीय र कूटनीतिक उपाय अपनाउनुपर्ने बताउनुभएको छ। यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी सुरक्षाबल वा सरकारले शान्तिपूर्ण रूपमा प्रदर्शन गरिरहेका नागरिकहरूमाथि हत्या, अत्यधिक बल प्रयोग वा दमन गरेमा त्यसको गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिनुभएको छ। उहाँले हाल युवराजसँग प्रत्यक्ष भेट उपयुक्त नहुने बताउँदै घटनाक्रमको परिणाम कुर्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ। हालैका वर्षहरूमा प्रतिबन्ध र क्षेत्रीय द्वन्द्वका कारण इरानको अर्थतन्त्र गम्भीर सङ्कटमा छ। १२ दिने युद्धपछि रियाल मुद्रा ऐतिहासिक रूपमा कमजोर बनेको अवस्थामा सुरु भएको यो आन्दोलनले आगामी दिनमा इरानको राजनीतिक दिशा कता मोडिन्छ भन्नेबारे गहिरो प्रश्न खडा गरेको छ।

### गाजामा इजरायली आक्रमण पाँच बालबालिकासहित १३ जनाको मृत्यु

गाजा २५पुस (रासस/एएफपी)।

युद्धविरामको बावजुद गाजामा भएको इजरायली आक्रमणमा पाँच बालबालिका सहित कम्तिमा १३ जनाको ज्यान गएको गाजाको नागरिक सुरक्षा एजेन्सीले बताएको छ। एजेन्सीका प्रवक्ता महमुद बासलाई उद्धृत गर्दै एएफपीले दक्षिणी गाजामा विस्थापित मानिसहरूको शिविरमा ड्रोन प्रहार गर्दा तीन बालकसहित चार जनाको मृत्यु भएको जनाएको छ। गाजा पट्टीको उत्तरमा, जबालिया शरणार्थी शिविर नजिकै एक जना र एक विद्यालयमा भएको आक्रमणमा एक जना र दक्षिण खान युनुस नजिकै भएकोको ड्रोन आक्रमणले एक व्यक्तिको ज्यान लिएको एजेन्सिले जनाएको छ। हमास प्राधिकरणअन्तर्गत सञ्चालन गर्ने एजेन्सीले अन्य आक्रमणमा एक बालकसहित दुई जना गाजानहरुको मृत्यु भएको जनाएको छ। बिहीबार गाजा सहरको पूर्वी क्षेत्रको एक घरलाई लक्षित गरी गरिएको इजरायली हवाई आक्रमणमा थप चार जनाको मृत्यु भएको उल्लेख गर्दै बासलले बेपत्ता भएका धेरै मानिसहरूको खोजी तथा उद्धार कार्य सुरु भएको जनाउनु भएको छ।

गाजा पट्टीमा युद्धविराम सम्झौताको उल्लङ्घन गरी गरिएको पछिल्लो इजरायली आक्रमणमा मृत्यु हुनेको सङ्ख्या १३ पुगेको बासलले बताउनु भएको छ। इजरायली सेनाले शुक्रबार विज्ञप्ति जारी गर्दै प्रतिक्रियामा "दक्षिणी र उत्तरी गाजा पट्टीमा हमास आतंकवादीहरू र आतंककारी पूर्वाधारमा प्रहार गरेको बताएको छ। गाजा पट्टीबाट प्रक्षेपण गरिएको क्षेप्यास्त्र युद्धविराम सम्झौताको उल्लङ्घन भएको विज्ञप्तिमा उल्लेख गरिएको छ। अक्टोबर- १० देखि, गाजामा अमेरिकी प्रस्तावको युद्धविरामले इजरायली सेना र हमास बीचको लडाइँलाई धेरै हदसम्म रोकेको छ, तर दुवै पक्षले बारम्बार उल्लङ्घन गरेको आरोप लगाएका छन्। हमासका प्रवक्ता हाजेम कासिमले बिहीबार गाजामा भएको आक्रमणले "इजरायली कब्जाले युद्धविरामप्रति आफ्नो प्रतिबद्धता त्यागेको पुष्टि गरेको" एएफपीले जनाएको छ। गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली सेनाले युद्धविराम लागु भएदेखि गाजामा कम्तिमा ४२५ जना प्यालेस्टिनीको हत्या गरेको छ। नोभेम्बर - २२ मा भएको इजरायली आक्रमणमा कम्तिमा २१ जनाको मृत्यु भएको थियो, भने इजरायली सेनाले यसै अवधिमा आतङ्कवादीहरूले आफ्ना तीन जना सैनिकको हत्या गरेको बताएको छ।

# इन्फ्लुएन्जा (फ्लू) बाट बच्न मन्त्रालयको आग्रह

काठमाडौं, २५ पुस (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जाडो बढेसँगै इन्फ्लुएन्जा (फ्लू) बाट सुरक्षित रहन आग्रह गरेको छ । मन्त्रालयले जाडो बढेसँगै फ्लू सङ्क्रमण बढ्ने भएकाले बच्न आग्रह गरेको हो ।

जाडो महिनामा धेरै सक्रिय हुने यो भाइरसका कारण शिशुदेखि जवान, अधबैँसे र वृद्धवृद्धा समेत सबै उमेरका व्यक्तिलाई फ्लू लाग्न सक्छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिमा इन्फ्लुएन्जा भाइरस सङ्क्रमणको सम्भावना बढी हुने गरेको बताउनुभयो ।

फ्लू इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने सङ्क्रामक रोग हो । यो भाइरसले सबै उमेरका व्यक्तिलाई फ्लू लाग्न सक्छ । फ्लू भएका अधिकांश व्यक्तिलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधि आवश्यक पर्दैन । दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्न र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिलाई स्वास्थ्यकर्मीको निगरानीमा राख्न प्रवक्ता डा बुढाथोकीले आग्रह गर्नुभयो ।

**फ्लू कसरी सर्छ ?**

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ । ती छिटा श्वास लिँदा फोक्सोमा पनि जान सक्छन् । भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ ।

**फ्लूका लक्षण**

ज्वरो आउनु, टाउको दुख्नु, जीउ र मांसपेशी दुख्नु, खोकी लाग्नु र घाँटी दुख्नु, नाक बन्द हुनु वा सिँगान बग्नु, थकान महसुस हुनु जस्ता लक्षण देखिने गर्दछन् । फ्लू भएका सबैलाई ज्वरो नआउन सक्छ ।

**फ्लू रोकथामका उपाय**

फ्लू भएका बिरामीसँग भौतिक दुरी राख्नुपर्दछ । सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने, खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने, बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्नुपर्दछ । शारीरिक रूपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने गर्नुपर्दछ र हातले आँखा, नाक वा मुख छुने गर्नुहुँदैन ।

# रास्वापाद्वारा सामाजिक सञ्जालमार्फत उम्मेदवारी घोषणाको प्रचारप्रसारमा रोक

काठमाडौं, २५ पुस (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार हुन इच्छुक आकाङ्क्षीलाई सामाजिक सञ्जालमार्फत उम्मेदवारी घोषणाको प्रचारप्रसारमा रोक लगाएको छ ।

रास्वपाको उम्मेदवार छनोट सिफारिस उपसमितिले बिहीबार आचारसंहिता पालनासम्बन्धी सूचना जारी गर्दै प्रचारप्रसारका सामग्री यसअघि सामाजिक सञ्जालमा राखिएको भए पनि ती सामग्री हटाउन निर्देशन दिएको छ । प्राइमरी निर्वाचनमा सहभागी हुने हकमा प्राइमरी निर्वाचनसम्बन्धी सूचना प्रकाशित भएपश्चात् मात्र पार्टीको निर्वाचन आचारसंहिताअनुरूप भद्र, मर्यादित र सीमित तरिकाबाट प्रचारप्रसार गर्न सकिने पार्टीले उल्लेख गरेको छ ।

सूचनामा भनिएको छ, "प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रत्यक्षतर्फका आकाङ्क्षी उम्मेदवारमध्ये केहीले उम्मेदवारका रूपमा औपचारिक आवेदन दिइ वा नदिइ सामाजिक सञ्जालमार्फत आफ्ना उम्मेदवारीको प्रचारप्रसार गरेको देखिन आएको छ, यस्तो प्रकारको गतिविधिले नयाँ तथा बाँकी आकाङ्क्षी सदस्यलाई निरुत्साहित गर्ने अवस्था सिर्जना भएको हुँदा यस्ता सबै प्रचारप्रसार कार्य तत्काल रोक्न तथा यसअघि सामाजिक सञ्जालमा राखिएका यस्ता सामग्री हटाउन निर्देश गरिन्छ ।"

### *नेपालमा पहिलो ...*

दुवै नगरपालिकाले संयुक्त रूपमा आठ बुँदे घोषणा प्रतिबद्धतासमेत व्यक्त गरेका छन् । मत्स्य अभयारण्यको व्यवस्थापन स्थानीय सरकारको नेतृत्वमा नदीमा आश्रित समुदायको सक्रिय सहभागितासँगै सह-व्यवस्थापनको ढाँचाअनुरुप गरिनेछ । व्यवस्थापन, निगरानी, जनचेतना अभिवृद्धि तथा नियम पालना सहजीकरणका कार्य सञ्चालन गर्न समुदायमा आधारित नदी खण्ड व्यवस्थापन समूह गठन गरिएका छन् । यी समूहले सम्बन्धित नगरपालिकाको निर्देशन तथा अनुगमनमा, डिभिजन वन कार्यालय र सम्बन्धित सुरक्षा निकायसँग समन्वय गर्दै काम गर्नेछन् । नदीमा आश्रित समुदाय विशेषत सोनाहा र थारु समुदायको अर्थपूर्ण सहभागिता कर्णाली नदीसँग जीविकोपार्जन र सांस्कृतिक अभ्यास गहिरो रूपमा जोडिएकामा विशेष जोड दिइएको छ ।

यो प्रयास विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालले संयुक्त अधिराज्य बेलायत सरकारद्वारा 'डार्बिन इनिसियटिभ'अन्तर्गत वित्तपोषित परियोजनामार्फत प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराई अघि बढाइएको हो । यो परियोजना नेपाल सरकार, डब्लुडब्लुएफ नेपाल तथा स्थानीय साझेदार संस्था सोनाहा विकास समाज, फ्रिड कमैया महिला विकास मञ्च, डल्फिन संरक्षण केन्द्र र साना स्तनधारी संरक्षण तथा अनुसन्धान प्रतिष्ठानबीचको सहकार्यमा सञ्चालन भइरहेको छ ।

**घडियाल गोही, ओत र डल्फिन वासस्थान संरक्षणमा कोसेढुङ्गा**

डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले मत्स्य अभयारण्य घोषणाले नदीको पारिस्थितिकीय प्रणाली संरक्षण गर्दै घडियाल गोही, ओत र डल्फिनजस्ता प्रतिष्ठित वन्यजन्तुको वासस्थान सुरक्षित गर्नका लागि महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो । यो पहलले प्रकृतिमा आधारित पुनःरुत्थानशील पर्यटनलाई समेत थप टेवा पुऱ्याउने उहाँको भनाइ छ ।

"स्थानीय तहले आफ्नो प्राकृतिक स्रोतको संरक्षण, प्रवर्द्धन र दिगो उपयोग गर्ने उद्देश्यसहित 'साखी माछा संरक्षण क्षेत्र' घोषणा गर्ने निर्णयको नेतृत्वदायी भूमिका लिँदै स्वामित्व प्रदर्शन गरेकामा आभार व्यक्त गर्दछौँ", राष्ट्रिय प्रतिनिधि डा गुरुङले भन्नुभयो, "यस क्षेत्रमा माछा स्थानीय जीविकोपार्जनको आधार मात्र नभई सांस्कृतिक तथा धार्मिक पहिचानसँग समेत अभिन्न रूपमा जोडिएको छ । जब हामी माछाको रक्षा गर्छौं, हामी पानीको रक्षा गर्छौं, जब हामी पानीको रक्षा गर्छौं, त्यससँगै हामी जीवनको पनि रक्षा गरिरहेका हुन्छौं, यसबाट हामी हाम्रो भविष्य सुनिश्चित गर्छौं ।"

तल्लो कर्णाली नदीमा गरिएको मत्स्य अभयारण्यको संयुक्त घोषणा नेपालमा समुदायिक नेतृत्वमा आधारित जलीय पारिस्थितिकिय प्रणाली संरक्षणका लागि एक राष्ट्रिय नमूनाका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ । यसले जैविक विविधता संरक्षण, खाद्य सुरक्षा, स्थानिय कला संस्कृतिको जगेर्ना तथा जीविकोपार्जनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# धर्म, संस्कृति र चाडपर्वका विषयलाई सरकारी संयन्त्रबाटै नियमन गर्न माग

काठमाडौं, २५ पुस (रासस) ।

धर्म, संस्कृति र चाडपर्वका विषयलाई सरकारी संयन्त्रबाटै नियमित एवं व्यवस्थित गरेर शास्त्रीय आधारमा मर्यादित रूपमा अघि बढाउनुपर्नेमा जोड दिइएको छ ।

नेपाल ज्योतिष परिषद्को २८औँ स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले धर्म, संस्कृति र चाड पर्वका विषयलाई व्यवस्थित गर्न कानुनले व्यवस्था गरेबमोजिम काम भइरहेको बताउनुभयो ।

पात्रो प्रकाशनकै सिद्धान्त बदल्न पनि बृहत् छलफल गरेर अघि बढ्नुपर्ने पक्षमा आफू रहेको जानकारी उहाँले गराउनुभयो । "केतकी गणना पद्धति आएको २०० वर्ष पनि भएको छैन, प्राचीनकालदेखि नै सूर्यसिद्धान्तका आधारमा पात्रोको गणना भएको छ, यस विषयमा व्यापक बहस आवश्यक छ", अध्यक्ष ढकालले भन्नुभयो ।

परिषद्का संस्थापक अध्यक्ष लोकराज पौडेलले समितिका यसअघिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीका पालामा सात ग्रह केतकी गणना पद्धतिका आधारमा पञ्चाङ्गमा राखिएको उल्लेख गर्नुहुँदै बाँकी दुई ग्रहलाई पनि त्यसैअनुसार व्यवस्थित गरिनुपर्नेमा जोड दिनुभयो । आकाशमा एउटा ग्रह अवस्था र पात्रोमा अर्को अवस्था देखिन नहुने उहाँको भनाइ थियो ।

समितिका पूर्वअध्यक्ष अधिकारीले नेपाल र भारतको देशान्तर एवं अक्षांश नै फरक हुने भएकाले त्यसका आधारमा गणित गर्दा तिथिमिति तथा चाडपर्वमा एक दिन यताउता हुनसक्ने बताउनुभयो । नेपाल र भारतमा वेदका शाखा, सूत्र पनि फरक मानिने गरेकाले त्यसका आधारमा पनि चाडपर्वमा फरक पर्ने उहाँको भनाइ थियो ।


समितिका कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थीले विसं २०८३ को पात्रोमा राखिने नेवारी समुदायका चाडपर्वको निर्णय गर्न आज सो समुदायका सरोकार भएकासँग छलफल गर्न लागिएको जानकारी दिनुभयो । नेवारी समुदायको चाडपर्व एवं तिथि मितिकाबारेमा जानकार विज्ञलाई पनि आजको छलफल कार्यक्रममा बोलाइएको पनि उहाँले सुनाउनुभयो ।

समितिका पूर्वकार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले आकाशसँग नमिल्ने पात्रोको धर्मशास्त्रविद्ले विरोध गर्नुपर्ने बताउनुभयो । आकाशसँग नमिल्ने पात्रोका आधारमा चाडपर्व र तिथि मिति मनाउँदा त्यसको फल नपाइने भएकाले धर्मशास्त्रविद्ले यसको विरोध गर्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा वाल्मीकि विद्यापीठ ज्योतिष विषयका सहप्राध्यापक डा पुरुषोत्तम भट्टराईले पात्रो गणना विधि एवं ज्योतिष विषयमा थाहा नभएकाले पनि गणना पद्धतिका बारेमा सामाजिक सञ्जालमा लेख्ने गरेको उल्लेख गर्नुहुँदै त्यस विषयमा जानकारी नभएकाले लेखेको कुरा पढेर आममानिसलाई भ्रम हुने गरेको बताउनुभयो । यस्तो क्रमलाई रोक्न लाग्नुपर्ने उहाँको भनाइ थियो ।

समितिका सदस्यद्वय प्रा डा देवमणि भट्टराई र रतिदेवी जोशी श्रेष्ठ, वाल्मीकि विद्यापीठका उपप्राध्यापक शान्तरत्न बज्राचार्यलगायतले ज्योतिष क्षेत्रलाई थप व्यवस्थित गर्न सरकारी निकायले नियमन गर्नुपर्नेमा जोड दिनुभयो ।

कालाग्नि रुद्र भगवान् लङ्केश्वर धाम काभ्रेपलाञ्चोकका पीठाधीश मुकुन्द शर्मा हुमागाईंले आकाशमा ग्रह जुन अवस्थामा छन्, त्यसैअनुरुपको पात्रो (पञ्चाङ्ग) गणनाका लागि नेपालमा वेधशालाको स्थापना गरिनुपर्नेमा जोड दिनुभयो । त्यसका लागि अर्बौं रुपैयाँ लाग्ने भए पनि सहयोग जुटाउन लागिपर्ने सङ्कल्प गर्न आफू तयार रहेको घोषणा गर्नुभयो ।



श्री नर बहादुर थापाजनता माध्यमिक विद्यालयपकरी गोठ, सोनरा
SHREE NAR BAHADUR THAPA JANTA SECONDARY SCHOOL PAKARI GOTH SONARA
MAHADEWA RURAL MUNICIPALITY-1, SAPTARI
मधेश प्रदेश, नेपाल
MADHESH PROVINCE,NEPAL
स्था:-२०१२Estd: 2012

पत्र संख्या:-०८२/०८३
चलानी नंम्बर:- ८५
संकेत नं.- १५०८८०००२
मोबाईल नं.- ९८०५९११७३६

मिति:-२०८२/०९/२५गते

बिषय :-बालबिकास शिक्षक (स.क.)बिज्ञापन सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा महादेवा गाउँपालिका बथनाहा , सप्तरीको मिति २०८२/०९/२४ गतेको च.न.५२२ तथा यस विद्यालयको मिति २०८२/०९/०९ गतेको वि.व्य.स.बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको बालविकास शिक्षक (स.क.) पदपूर्तिका लागि शिक्षक तथा विद्यालय कर्मचारी कार्यविधि २०८१ को अधिनमा रही आवश्यक योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट दस्तखास्त आह्वान गरिन्छ ।

तपसिल :

**बिज्ञापन नं. ०१–०८२/०८३**

१. पद : बालविकास शिक्षक (स.क.)
२. शैक्षिक योग्यता : १०+२ वा सो सरह
३. दरखास्त दस्तुत : रु ११००। (एक हजार एक सय मात्र ) ।
४. उमेर १८ बर्ष पुरा भएको तथा ४० बर्ष ननाघेको ।
५. परीक्षाको किसिम : लिखित तथा मौखिक ।
६. तलब स्केल : नेपाल सरकारको नियम अनुसार ।
७. दरखास्त बुझाउने : विद्यालय समयभित्र ।
८. पाठ्यक्रम : शिक्षक तथा विद्यालय कर्मचारी कार्यविधि २०८१ अनुसार ।

**आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि २
२. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि २
३. हस्त लिखित निवेदन १
४. राजस्व दस्तुर : रसिद वा भौचर १
५. पासपोर्ट साइजको फोटो २

दरखात दिने अन्तिम मिति : २०८२/१०/ ०९ गते कार्यालय समय भित्र ।
सम्पर्क मिति : २०८२/१०/ ११ गते
सम्पर्क नं. प्र.अ.९८०५९११७३६

०८२।०९।२५
नागेन्द्र प्रसाद सिंह
सदस्य सचिव
शिक्षक छनौट समिति

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*